# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुरको

## समकक्षता सम्बन्धी जरूरी सूचना

सूचना प्रकाशित मिति २०७९।१०।०७

पाठ्यक्रम समितिको निर्णय बमोजिम स्वदेश तथा विदेशमा डिप्लोमा तथा प्रमाणपत्र वा सो सरहको प्राविधिक शिक्षा अध्ययन पश्चात यस प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रदान गर्दै आएको समकक्षता प्रमाणपत्र प्राप्त गर्न २०७८ साल र २०७८ सालभन्दा अगाडिका माध्यमिक तह कक्षा १० को SEE/SLC परीक्षामा समग्र GPA ४.० मा समग्र CGPA १.६ प्राप्त गरेको अथवा विदेशबाट पनि सो सरहको परीक्षा उत्तीर्ण गरी सो सरहको ग्रेड वा अंक प्राप्त गरेका ब्यक्तिहरूले  स्वास्थ्य संकाय बाहेकका डिप्लोमा वा सो सरह अध्ययन गर्न पाउने ब्यवस्था गर्ने र २०७८ साल र २०७८ सालभन्दा अगाडिका माध्यमिक तह कक्षा १० को SEE/SLC परीक्षामा समग्र GPA ४.० मा समग्र CGPA २.० प्राप्त गरेको अथवा विदेशबाट पनि सो सरहको परीक्षा उत्तीर्ण गरी सो सरहको ग्रेड वा अंक प्राप्त गरेका ब्यक्तिहरूले डिप्लोमा/प्रमाणपत्र तह स्वास्थ्य संकाय तर्फ अध्ययन गर्न पाउने ब्यवस्था गर्ने र समकक्षता प्रदान सम्बन्धमा पनि सोही अनुसारको ग्रेड नै मान्य हुने र यस परिषद् अन्तर्गत शैक्षिक शत्र २०७९/०८० देखि लागू हुने भर्नाको लागि आधार (प्रवेश योग्यता) बमोजिम स्वास्थ संकाय बाहेकका डिप्लोमा वा सो सरहको प्रवेश योग्यता स्तरिकृत अंक ४ मा समग्रमा सि.जि.पि.ए. १.६ प्राप्त गरेको र स्वास्थ्य संकायका डिप्लोमा तथा प्रमाण पत्रका कार्यक्रमहरूमा प्रवेश योग्यता स्तरिकृत अंक ४ मा समग्रमा सि.जि.पि.ए. २.० प्राप्त गरेको हुनुपर्ने र सोहि बमोजिम समकक्षता समेत प्रदान गरिने निर्णय गरिएको व्यहोरा सम्पूर्ण सरोकारबालाहरूलाई जानकारी गराइन्छ।

सो सम्वन्धी विस्तृत जानकारी यस परिषद् कार्यालयको आधिकारीक वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएकोछ।

निर्देशक

पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा